# स्वतन्त्र न्यायपालिका र नेपाली काङ्ग्रेस

**उपेन्द्रकेशरी न्यौपाने**
वरिष्ठ अधिवक्ता, पूर्व न्यायपरिषद सदस्य

## लेखसार

स्वतन्त्र न्यायपालिका र नेपाली काङ्ग्रेस एक अर्काका रक्षा कवच हुन् । नेपाली काङ्ग्रेस लोकतन्त्रका लागि स्थापना भएको राजनैतिक पार्टी हो । लोकतन्त्रको मेरुदण्ड स्वतन्त्र न्यायपालिका हो । लोकतन्त्र नभई स्वतन्त्र न्यायपालिका स्थापना हुन सक्तैन । अतः नेपालको लोकतन्त्रको स्थापना सँगसँगै स्वतन्त्र न्यायपालिकाको स्थापनामा नेपाली काङ्ग्रेसको महत्त्पूर्ण योगदान छ ।

नेपालमा विभिन्न संविधान निर्माणको क्रममा नेपाली काङ्ग्रेसले अग्रणी भूमिका निर्वाह गरेको देखिन्छ । २०१५२०४७ सालका संविधानमा न्यायपालिकालाई विशेष महत्त्व दिइएको छ । २०६३ र २०७२ का संविधान निर्माण गर्दा लोकतन्त्रमा विश्वास गर्ने राजनैतिक दल र कम्युनिष्ट सिद्धान्तमा विश्वास गर्ने राजनैतिक दल बिचको सहमतिमा बनेको हुँदा संविधानका केही लयवद्धतामा कमी भएको देखिन्छ । मूलत सर्वोच्च अदालतमा दुई सर्वोच्च निकाय हुने गरी न्यायपालिकामा गरिएको व्यवस्था नेपाली काङ्ग्रेसको घोषित नीति भन्दा बाहिर देखिन्छ । संविधानका कमीकमजोरीलाई संविधान संशोधनको प्रकृया अनुरूप मिलाउँदै लोकतान्त्रिक मूल्य र मान्यताको पक्षमा नेपाली काङ्ग्रेस उभिँदा स्वतन्त्र न्यायपालिकाका लागि दरो संरक्षण पुग्नेछ ।

न्यायपालिकालाई प्रधानन्यायधीशमुखी बनाउने काम पनि अन्तरिम संविधान २०६३ देखि भएको देखिन्छ । न्यायपरिषदको संरचनालाई सानो संरचनाको रूपमा स्थापनागर्दा संरचनागत बनौट छरितो देखिए पनि त्यसबाट व्यक्तिगत स्वार्थहरू जोडिने खतरा बढी हुने देखिन्छ । न्यायपरिषदको नेतृत्वका बारेमा पनि हामी खुल्ला हुन सक्नुपर्दछ । संसारमा नियुक्तिका प्रणाली र अभ्यास फरक फरक नै रहेको देखिन्छ । प्रणालीभन्दा पनि प्रकृया प्रधान हो भन्ने हाम्रो बुझाइ रहनुपर्दछ । न्यायधीश नियुक्तिका Fit and proper test हुने गरी चरणबद्ध नियुक्ति मापदण्ड निर्माण गरी पारदर्शी रूपमा कार्यान्वयन गर्ने प्रबन्धन गर्न सक्दा नै न्यायधीश नियुक्तिमा देखिएको विवादलाई कम गर्दै लग्न सक्ने देखिन्छ ।

अन्तरराष्ट्रिय रूपमा स्थापित स्वतन्त्रन्यायपालिकासम्बन्धी सिद्धान्त र गाइडलाई हामीले आत्मसात गर्दै लोकतन्त्रका लागि स्वतन्त्र र सक्षम न्यायालयको स्थापना र विकासमा लोकतन्त्रको जननी नेपाली काङ्ग्रेसबाट नेतृत्वदायी भूमिकालाई अझ शसक्त र प्रभावकारी बनाउनुपर्दछ ।

## पृष्ठभूमि

लोकतन्त्रमा स्वतन्त्र न्यायपालिका अपरिहार्य संस्था हो । जहाँ लोकतन्त्र छैन त्यहाँ स्वतन्त्र न्यायपालिका पनि हुँदैन । लोकतन्त्रले स्वतन्त्र न्यायपालिकाको स्थापना गर्दछ भने स्वतन्त्र न्यायपालिकाले लोकतन्त्रको संरक्षण र प्रवर्द्धन गर्दछ । स्वतन्त्र न्यायपालिका र लोकतन्त्र एकअर्काका पर्यायवाची प्रणाली हुन् । "धर्मो रक्षति रक्षित"[01] भन्ने श्लोकको मर्म जस्तै लोकतन्त्रले स्वतन्त्र न्यायपालिकालाई रक्षा गर्छ । त्यस्तै स्वतन्त्र न्यायपालिकाले

लोकतन्त्रको । लोकतन्त्र स्वतन्त्र न्यायपालिकाको जग हो भने बहुलबाद लोकतन्त्र र स्वतन्त्र न्यायपालिका दुवैको रक्षा कवच हो ।

नेपाली काङ्ग्रेस लोकतन्त्रप्रति पूर्ण प्रतिबद्ध रही सँगठित भएको नेपालको पहिलो राजनैतिक पार्टी भएकोले नेपाली काङ्ग्रेसका लागि स्वतन्त्र न्यायपालिका पनि उत्तिकै प्रतिबद्धता रहेको विषय हो । लोकतन्त्रको संरक्षण र कानुनी राज्यको विकासमा नेपालको न्यायपालिकाको योगदान उल्लेखनीय रहेको छ । राज्यको कुनै पनि अङ्गहरू पार्टी नियन्त्रण भित्र रहँदैनन् र पार्टी निर्देशित भएर सञ्चालित पनि हुँदैनन् । त्यसमा विश्वास पनि गर्दैनन् । अर्कोतर्फ लोकतन्त्रमा सबैभन्दा माथि कानुन रहन्छ । लोकतन्त्र प्रति पूर्ण प्रतिबद्ध नभएका कम्युनिष्ट पार्टीहरूमा कानुन सर्वोपरि हुँदैनन् । पोलिटव्यूरोअन्तर्गत राज्यका सबै संवैधानिक संरचना र निकायहरू नियन्त्रित र निर्देशिन रहन्छन् । लोकतन्त्रमा पूर्ण प्रतिबद्ध नभएका राजनैतिक दलले स्वतन्त्र न्यायपालिकाका प्रति प्रतिबद्ध हुँदैन । त्यस्तो दलले स्वतन्त्रन्यायपालिकासम्बन्धी राखेका बिचारहरू तत्काल फाइदा लिने उद्देश्यले आएका रणनीतिक बिचारमात्र हुन् । चीनको संविधान (२०१८मा संसोधित) Article १३१, १३२, १३३ मा निम्नअनुसार उल्लेख भएको देखिन्छ ।

(I) Article 131- “The people's courts shall, in accordance with the provisions of law, independently exercise adjudicatory power, and shall not be subject to interference from any administrative organ, social organization or individual"

(II) Article 132- “The Supreme People's Court is the highest adjudicatory organ. “The Supreme People's Court shall oversee the adjudicatory work of local people's courts at all levels and of special people's courts' people's courts at higher levels shall oversee the adjudicatory work of those at lower levels"

(III) Article 133- “The Supreme People's Court shall be responsible to the National People's Congress and the National People's Congress Standing Committee Local people's courts at all levels shall be responsible to the state organs of power that created them"[02]

चीनको संविधानमा उल्लेखित व्यवस्थाअनुसार स्वतन्त्र न्यायपालिका छ भन्न सकिँदैन । चीनलगायत कम्युनिष्ट राजनैतिक बिचारलाई साध्य मान्ने देशका अदालतहरू स्वतन्त्र न्यायपालिकाको रूपमा विकास भएका छैनन् भन्ने नै अन्तरराष्ट्रिय बुझाइ रहेको पनि पाइन्छ । अझै सबैभन्दा महत्त्वपूर्ण पक्ष के छ भने बहुलवादको सिद्धान्तमा विश्वास गर्ने राजनीतिक व्यवस्थामा कम्युनिष्ट विचार पनि निषेधित गरिँदैन तर कम्युनिष्ट व्यवस्थाभित्र बहुलवादको अभ्यासलाई पटक्कै स्वीकारिदैन । ने.क.पा. एमालेको विधान, २०४९ (संशोधनसहित)[03] को प्रस्तावनामा पार्टीको मार्गदशर्न सिद्धान्त मार्क्सवाद लेलिनवादलाई नै स्वीकारिएको छ । त्यस्तै नेपाल कम्युनिष्ट पार्टी(माओवादी) अन्तरिम विधान २०७३(संशोधनसहित)[04] को प्रस्तावनामा मार्क्सवाद लेनिनवाद र माओवाद उल्लेख गरिएको छ । त्यस्तै पार्टी सञ्चालनको सिद्धान्तमा जनवादी केन्द्रीयतालाई स्विकार गर्ने गरी दुवै कम्युनिष्ट पार्टीको विधानमा उल्लेख गरिएको छ । अतः एमाले र माओवादी कम्युनिष्ट पार्टीहरू लोकतन्त्रप्रति पूर्ण प्रतिबद्ध नरहेको ती पार्टीहरूको विधानबाट प्रस्ट बुझिन्छ । राजनैतिक पार्टीहरूको स्वतन्त्रअस्तित्त्वलाई कम्युनिष्ट पार्टीले स्वीकार गर्दैन । लोकतान्त्रिक विचार अर्थात् बहुलबादलाई छुट दिइदैन । लोकतन्त्रमा बिचारको प्रधानताले राष्ट्रिय राजनीतिलाई निर्देशित र नियन्त्रण गर्दछ भन्ने विश्वास गरिन्छ भने कम्युनिष्ट बिचारमा कम्युनिष्ट बाहेकका राजनैतिक बिचारले कम्युनिष्ट बिचारलाई दुषित गर्दछ भन्ने विश्वास गरिने हुँदा कम्युनिष्ट पार्टीभित्र बहुलवादलाई स्वीकारेको देखिँदैन । यस पृष्ठभूमिबाट

हेर्दा स्वतन्त्र न्यायपालिका बहुलवादसहितको पूर्ण लोकतन्त्र र कानुनी राज्यमा मात्रै जन्मन, हुर्कन र श्रीवृद्धि प्राप्त गर्न सक्दछ। नेपालको न्यायपालिका आज लोकतन्त्र र कम्युनिष्ट सिद्धान्त बिचको द्वन्द्वमा परेको छ। यो द्वन्द्व आज नदेखिए पनि यो बिस्तारै उठ्दै आउने विषय हो तर पनि लोकतन्त्रको विकल्प कम्युनिष्ट सिद्धान्त बन्न सक्ने देखिँदैन। लोकतन्त्रलाई कसी लगाउने उसको संस्कार व्यवहारमा जनता र व्यक्तिको प्रधानतलाई सम्मान गर्ने संवैधानिक प्रबन्धनहरू कति गरेको छ भन्ने नै हो। सरकारबाट भएका अतिक्रमणलाई रोक्दै व्यक्ति र समाजको अधिकारलाई न्यायपालिकाले पुनः स्थापित गर्न सकेको छ छैन भन्ने कसीमा न्यायपालिकाको कार्य सम्पादनलाई हेरिन्छ। यस्ता कसीमा न्यायपालिका सधैँ अबल रहनुपर्दछ, लोकतन्त्रमा।

नेपाली काङ्ग्रेस पार्टी स्थापना गर्दा विधानमा उल्लेखित मूलभूत सिद्धान्त मध्ये लोकतन्त्र एउटा खम्बाको रूपमा उल्लेख भएको विषय हो।[05] लोकतन्त्रलाई स्वतन्त्रताको पर्यायवाची शब्दको रूपमा नेपाली काङ्ग्रेसले अँगालेको पाइन्छ। लोकतन्त्रको स्थापनाको महान यात्रामा निस्कनु पूर्व पूर्वजहरूले लोकतन्त्रलाई मानव मूल्य मान्यतासँग जोड्ने र यसको प्रतिफल सबै जनताले पाउनुपर्छ भन्ने उद्देश्यका साथ सुरु गरेको हुँदा नेपाली काङ्ग्रेसलाई नेपाली लोकतन्त्रको मातृसंस्थाको रूपमा स्थापना भएको पार्टी हो भन्दा अतिशयोक्ति हुँदैन।

नेपाली काङ्ग्रेस नेपाली लोकतन्त्रको मातृ संस्था भएको हुँदाँ नेपालको संविधान, कानुनको तर्जुमा सँगसँगै कार्यान्वयनतर्फ पनि उत्तिकै जिम्मेवार रहनुपर्दछ। लोकतन्त्रलाई जीवन्त बनाउने काम न्यायपालिकाको हो। लोकतन्त्र जीवन पद्धति नबनेसम्म समाजको समग्र संरक्षण र विकास हुन सक्तैन। लोकतन्त्रलाई जीवन पद्धति बनाउने काम अझै पूरा भइसकेको छैन भन्ने नै छ। त्यो अधुरो कामलाई पूरा गर्ने जिम्मेवारी नेपाली काङ्ग्रेसका आजका नेतृत्व र सहकर्मीको हो। त्यही नै सच्चा सम्मान हुनेछ नेपाली काङ्ग्रेसका संस्थापक र शहीदहरू प्रति/अनि पूर्वजहरूप्रति पनि।

**संविधान निर्माणमा काङ्ग्रेसको प्रमुख भूमिका** : २००७ सालदेखि नै नेपालका संविधान निर्माणमा नेपाली काङ्ग्रेसको प्रमुख भूमिका रहँदै आएको पाइन्छ। २०१५ सालको संविधान नेपाली काङ्ग्रेसको प्रमुख भूमिकाबाटै निर्माण भएको हो। २००७ सालदेखि २०७२ सालसम्मका संविधान सबैमा स्वतन्त्र न्यायपालिकाको स्थापना गरिएको छ। २०१९ सालको संविधानलाई छाडेर २०४७ २०६३ २०७२ मा बनेका संविधान निर्माणको नेतृत्वकर्ता नेपाली काङ्ग्रेसले नै भएको हुँदा नेपाली काङ्ग्रेसले यी संविधानमध्ये स्वतन्त्र न्यायपालिकाका लागि कुन संविधान उत्तम रह्यो। यसको पनि मिमांसा गर्नुपर्दछ। लोकतन्त्रमा संविधानलाई देशको मूल कानुनको रूपमा स्वीकारिएको हुन्छ। संविधान र कानुनको संरक्षण व्याख्या र प्रयोगमा कुन संविधानअन्तर्गत स्थापना भएको न्यायपालिका कति प्रभावकारी रह्यो यसको सिंहावलोकन पनि नेपाली काङ्ग्रेसले गर्नुपर्ने नै हुन्छ। नेपाली काङ्ग्रेसले आफ्नो विधानको घोषित सिद्धान्तअनुसार खोजेको स्वतन्त्र न्यायपालिका २०१५, २०४७, २०६३ वा २०७२ का संविधानमध्ये कुन संविधानअन्तर्गत बढी सार्थक रहेको छ। सँगसँगै व्यक्तिको स्वतन्त्रता र अधिकारको संरक्षण गर्न तथा व्यक्तिको न्यायमा पहुँच राख्न कुन संविधानअन्तर्गतको न्यायपालिका प्रभावकारी रह्यो यसको पनि अनुसन्धानात्मक विश्लेषण गर्न जरुरी छ।

**संविधान निर्माण सँगजोडिएका प्रश्नहरू** : संविधान निर्माणमा निर्णायक भूमिका खेलेको नेपाली काङ्ग्रेससँग सामू आज थुप्रै प्रश्नहरू ठोकिन आइपुगेका छन्। केही प्रश्नहरू काङ्ग्रेसका सामू सिधा खडा भएर उभिएको देखिन्छ। त्यस्ता प्रश्नहरूबाट काङ्ग्रेस पन्छिएर हिड्न मिल्दैन। जस्तै, के लोकतन्त्रको मर्मअनुसार बहुलवादको सिद्धान्तअनुरूप नेपालको संविधान निर्माण भएको छ? संविधानका कतिपय प्रावधानलाई के नेपाली काङ्ग्रेसले अस्वीकार गर्नसक्छ? सर्वोच्च अदालतका अतिरिकत संवैधानिक इजलासको प्रावधानले सर्वोच्च अदालतको

स्थान र मर्यादालाई बलियो बनाउने छ भन्ने विश्वास नेपाली काङ्ग्रेसले गरेको छ? नेपालको अदालत सम्भ्रान्तको मात्रै अदालत त भएको छैन? त्यस्तै अदालत आज सरकारको मेशीनरी जस्तो देखिएको त छैन? अदालतभित्र दुई समान पक्षहरूबिच असमान व्यवहार भएको त छैन? अदालत आज लोकतन्त्रमा प्रतिबद्ध नभएका व्यक्तिहरूको कब्जामा त छैन? स्वतन्त्र न्यायपालिका कर्मचारीतन्त्रको रजगजमा जकडिएको त छैन? के अदालतका न्यायाधीशहरूको आदेश महाराजाहरूको हुकुम प्रमाङ्गी जस्तो त छैन? न्याय कति महङ्गो भएको छ? के लोकतन्त्रको मातृसंस्था मानिएको नेपाली काङ्ग्रेस वाच डगको भूमिका खेल्न सकेको छ? यी प्रश्न अदालतसँग जोडिएका प्रश्न हुन् । के नेपाली काङ्ग्रेस यी प्रश्नहरूसँग साक्षात्कार गरी आफ्ना विचार साझा गर्न तयार छ? अर्कोतर्फ फौजदारी मुद्दामा हुने अनुसन्धान र अभियोजन सत्ताको हतियार बनेको त छैन ? फौजदारी कानुन र सार्वजनिक सम्पत्ति जोडिएको देवानी प्रकृतिका मुद्दामासमेत अदालत कति निष्पक्ष देखिएको छ? कर कानुन र निजी क्षेत्रसँग जोडिएका कानुनहरू विदेशीको स्वार्थबाट बनेका त छैनन्? के यस्ता तमाम प्रश्नहरूको जवाफ खोज्ने काम नेपाली काङ्ग्रेसबाट भएको छ? छ भने कति छ, छैन भने नेपाली काङ्ग्रेसबाट लोकतन्त्र र स्वतन्त्र न्यायपालिकाको संरक्षण गर्न कहाँ किन चुक्यो नेपाली काङ्ग्रेसले आफैले आफैलाई फर्केर एकपटक आत्ममूल्याङ्कन गर्नुपर्ने होइन र?

अरू केही महत्त्वपूर्ण प्रश्नहरू पनि छन् । संसदबाट कानुन निर्माण गर्दा लोकतन्त्रको मूल मान्यताअनुसार कति निर्माण भएका छन्? प्रतिनिधि सभा र राष्ट्रिय सभामा कानुन निर्माणको प्रकृयामा बहसले कति प्राथमिकता पाएको छ? लोकतान्त्रिक सिद्धान्त र कानुनी राज्यको अवधारणाबाट हेर्ने काम मूलतः नेपाली काङ्ग्रेसको काम हो । यो कति भएको छ? कानुनको तर्जुमा र व्याख्या व्यक्तिको पक्षमा हुनुपर्ने हो । आज नेपालमा कानुनको निर्माण गर्दा सरकार र अधिकृतका पक्षमा निर्माण गर्दै त्यस्ता कानुनको प्रयोगमा अधिकारीहरूलाई सहजता प्रदान गरिएको छ । आज व्यक्तिलाई दास र सरकारका पदाधिकारीलाई भगवान् भन्ने दर्शन स्थापित हुने गरी कानुनको तर्जुमा भएको विषयमा नेपाली काङ्ग्रेस कति सचेत छ? लोकतन्त्रको मूल्य मान्यता अनुरूपको कानुनको शासनमात्रै हैन, कानुनको निर्माण गर्दा आधारभूत सिद्धान्तलाई कति स्वीकार गरिएको छ? कानुन निर्माणको औचित्यलाई कति प्रमाणित गर्न सकेको छ ? यी विषयको अडिट काङ्ग्रेसले पहिल्यै गर्नुपर्ने हो । अझै हुन सकेको छैन । राणाशासनमा भएका धेरै काम कानुनको प्रकृयाबाटै हुन्थ्यो तर राणाशासनलाई लोकतान्त्रिक शासन व्यवस्था अर्थात् Rule of Law को शासन प्रणाली मानिएको थिएन । कानुनको शासन हुँदैमा लोकतान्त्रिक शासन व्यवस्था मानिदैन, हुँदैन । कानुन आफैमा लोकतान्त्रिक मूल्य मान्यतालाई आत्मसाथ गर्दै व्यक्तिको प्रधानता र मानव अधिकार तथा प्राणी र वातावरणको संरक्षणका हिसाबले फलदायी रहनुपर्छ । यस फाँटतर्फ नेपाली काङ्ग्रेसले कति काम गरेको देखिन्छ । यी विषयहरूमा आज समाजको चासो ह्वातै बढ्दै आएको छ । के यी दायित्वहरू नेपाली काङ्ग्रेसले पूरा गरेको छ? संविधानवाद र कानुनी सुशासनको दायित्व लोकतन्त्रको मातृ संस्था नेपाली काङ्ग्रेसबाट पूरा भए गरेको सधै ठहर्नुपर्ने हो । राष्ट्रिय वा अन्तरराष्ट्रिय समाज र विश्वविद्यालयका शोधार्थी विद्यार्थी तथा अनुसन्धानकर्ताहरूले कसी लगाएर हेर्ने विषय यी नै हुन् । काङ्ग्रेसले यसतर्फ आफ्नो प्राथमिकता राखेकोमात्र होइन प्रतिबद्धताका साथ काम गरेको प्रमाणित हुनुपर्दछ । तबमात्र स्वतन्त्र न्यायपालिकाको पूर्वाधार निर्माणमा काङ्ग्रेसबाट प्रत्यक्ष बल पुगेको देखिनेछ । वास्तविक कानुनी शासनको स्थायीत्व यही कार्य र प्रकृयाबाट विकसित हुने पनि हो ।

**अदालतमा भ्रष्टाचारको विषय** : सबैको प्रश्न हुनसक्छ अदालतमा के आज भ्रष्टाचार छ? निश्चित रूपमा छ, अदालत आफैले अध्ययन गरी प्रकाशित गरेका प्रतिवेदन[06] तथा नेपाल बार एशोसिएसनले प्रकाशित गरेका, घोषणापत्र[07] एंव न्यायाधीश सम्मेलनबाट पारित भएका घोषणापत्र[08] नै यसको साक्षी प्रमाणको रूपमा रहेका

छन् । धेरै उत्खनन नगरीकन पनि अदालतभित्र भ्रष्टाचार छ,भन्न सकिने अवस्था आज देखिएको छ । भ्रष्टाचार केमा हुन्छ, कसरी हुन्छ, किन भइरहेको छ, भ्रष्टाचार निर्मूलतर्फको पाइला के हुनुपर्छ ? हाम्रो अध्ययन र प्रयास त्यतातर्फ केन्द्रिकत हुन आवश्यकमात्रै हैन अपरिहार्य रहेको थियो, छ । भ्रष्टाचारका स्कीमका बारेमा समीक्षा हुनु पनि आवश्यक छ । भ्रष्टाचारले परिपूर्ण भएको न्यायपालिका आफैले स्वतन्त्र न्यायपालिका हो भन्ने हक राख्न सक्तैन? के हाम्रो विश्लेषण त्यतातर्फ हुनुपर्दैन? पक्कै पर्छ ।

अदालतमा भ्रष्टाचार हार्ने मुद्दा जिताउनका लागि भन्दा जित्ने मुद्दा जित्नका लागि बढी हुन्छ भन्दा आश्चर्य लाग्ला धेरैलाई । अन्तरिम आदेश दिने वा नदिने रोक्काआदेश, अन्तरकालीन आदेश जारी गर्ने वा नगर्ने, ढिलो मुद्दा फछ्र्यौट गर्नमात्र होइन । चाँडो मुद्दा फछ्र्यौट गर्न पनि भ्रष्ट्राचार हुन्छ । पेशी तारिख ढिलो र चाडो राख्न, फैसला चाँडो र ढिलो लेखाउनलगायतका यस्ता धेरै प्रकृयाका विषयमा भ्रष्टाचार बढी छ भन्दा सायद धेरैले पत्याउँदैनन् होला । हार्ने मुद्दा जित्नका लागि हुने भ्रष्टाचार धेरै गर्न पर्दैन । जब जित्ने मुद्दा जिताउनलाई नै भ्रष्टाचार गर्न पाइन्छ भने हार्ने मुद्दा जिताएर बढी जोखिम किन लिनुपर्छ र? भ्रष्टाचारको यो जालो मुद्दा चलाउन, नचलाउन, अभियोग लगाउन नलगाउनमा मात्रै हैन, अब कानुन निर्माणको तहसम्म पुगेको देखिन्छ । भन्नेत संविधान निर्माणमा नै ठुलो भ्रष्टाचार भयो भनियो, के त्यसका बारेमा नेपाली काङ्ग्रेसले अध्ययन गऱ्यो त? संविधान निर्माणमा भ्रष्टाचार भएको छैन भन्न सक्यो त? यो विषय समग्र जन चासोको विषय हो । कुनै न कुनै रूपमा जनतालाई नेपाली काङ्ग्रेसले आफ्ना कुरा प्रस्टसँग साझा गर्नुपर्दछ ।

न्यायालयमा मात्रै भ्रष्टाचार भएको होइन । आज भ्रष्टाचार कहाँ छैन? नेपाली जनताका प्रत्यक्ष सरोकार भएका प्रत्येक निकायमा दैनिक भ्रष्टाचार भइरहेको छ । मालपोत कार्यालय, कर कार्यालय, लाईसेन्स प्रदान सबै अड्डा, कम्पनीको प्रबन्धनका लागि खडा भएको कम्पनी रजिष्ट्रार कार्यालय, FDI स्वीकृत गर्ने निकाय नियमनकारी निकायहरू, सियो बेच्नेदेखि जहाज किन्ने सबै अड्डा तथा निकायहरू भ्रष्टाचारको आरोपबाट शबोभित छन् । जनताको काम गरिदिने अड्डा र अधिकारी आफ्नो तलब पदमा बसिदिए वापत प्राप्त भएको हो भन्ने ठान्छन् । काम गरे वापत छुट्टै पारिश्रमिक लिए जस्तै, छुट्टै लिन्छन् । काङ्ग्रेसले कहाँ आफूलाई यसका विरुद्ध उभ्याएको छ? खान र खुवाउन सक्नेहरूको स्वर्ग जस्तो हाम्रो लोकतन्त्र र शासन प्रणालीको वर्तमान अवस्थालाई राजनैतिक पार्टीले संरक्षित गरेको छ भन्ने आरोप समाचारपत्र, सोसल मिडियामा दैनिक रूपमा प्रकाशित हुने समाचार हुन् । यसको जवाफ राजनैतिक पार्टीले दिन सकेका छैनन् । नेपाली काङ्ग्रेसले यसको जवाफ दिन अगाडि बढ्नुपर्दछ ।

**स्वतन्त्र न्यायपालिका स्थापना र जनआस्था बृद्धि गर्नुपर्नेः** स्वतन्त्रन्यायपालिका सम्बन्धमा केही अन्तरराष्ट्रिय सिद्धान्त र मान्यताहरू छन् । जस्तै UN Basic principles on the independence of the judiciary 1985,[09] Beijing statement of principles -1995[10] साथै Latimer House Guidelines 1998[11] यी सिद्धान्त र गाइडलाईनलाई नेपालले आफ्नो प्रतिबद्धता जनाएको छ । सोअनुसार हाम्रो न्यायपालिका स्वतन्त्र छैन अन्तरराष्ट्रिय स्तरबाट पनि मापन भइरहेको हुन्छ । अन्तरराष्ट्रिय निजी क्षेत्रले पनि नेपालका अदालतमा अन्तरराष्ट्रिय मान्यताअनुसार स्थापित भएका र कार्यगत क्षमता कति राखेको छ भन्ने आधारमा आफनो लगानी नेपालमा गर्ने वा नगर्ने निर्णय गर्ने गरेको पाइन्छ । अतः अदालतको निष्पक्षता र सक्षमता हाम्रो निजी विषय मात्रै होइन । स्वतन्त्र न्यायपालिकालाई अन्तरराष्ट्रिय रूपमा पनि सक्षम देखाउने गरी अगाडि बढाउन हाम्रा कमजोरी पक्षलाई सबल बनाउने दायित्व राजनैतिक पार्टीको हो । स्वतन्त्र न्यायपालिकाको संरक्षण र प्रवर्द्धनमा तथा लोकतन्त्रका मूलभूत सिद्धान्तको संरक्षण गर्नु लोकतान्त्रिक पार्टीकै कर्तव्य र दायित्व हो । नेपाली काङ्ग्रेस कति प्रतिबद्धतापूर्ण रूपले यो दायित्व पूरा गरेको छ । यस विषयमा नेपाली जनतालाई नेपाली काङ्ग्रेसले

साझागर्दा नेपाली काङ्ग्रेसलाई मात्रै फाइदा पुग्ने विषय होइन । न्यायपालिका प्रति राष्ट्रिय र अन्तरराष्ट्रिय स्तरमा जनआस्था बृद्धि गराइरहनुपर्दछ । नेपालको समग्र कानुन निर्माण तथा व्याख्या र कार्यान्वयनमा महत्त्वपूर्ण योगदान रहे भएको प्रमाणित गर्ने अवसर पनि हो । संविधान र कानुन निर्माण र कार्यान्वयनलाई हामीले फर्केर हेर्नु पनि पर्दछ । के २००८ सालको प्रधानन्यायालय जस्तो अदालत आज बन्न सकेको छ? हामीले फर्केर हेर्नुपर्ने समय आएको छ । हरेक पछिल्ला अदालतले अघिल्लो अदालतको छविभन्दा अब्बल छवि निर्माण गर्न सकेको छ ? पञ्चायती संविधान २०१९ ले स्थापना गरेको अदालतको छविभन्दा २०४७, २०६३, २०७२ का संविधानले स्थापना गरेको अदालतको छवि राम्रो छ भनेर हामी गर्व गर्नसक्छौं? के यो २००८ सालको प्रधानन्यायालयले बनाएको छविलाई छुन सकेको छ? यस्ता विषयको पनि मिमांसा हुनुपर्दछ । यो मिमांसा वाच डगको रूपमा रहने राजनैतिक पार्टीले गर्नुपर्ने हो । यस्तो मिमांशा लोकतन्त्रप्रति विश्वास नगर्ने राजनीतिक दलसँग अपेक्षा गर्नु दूधको साक्षी विरालो भने जस्तो मात्रै हुनेछ । कम्युनिष्ट सिद्धान्तमा हुर्केका र भविष्यमा त्यतै जाने हो भन्ने रणनीति लिएका राजनैतिकदलसँग आशा राख्न पटक्कै हुँदैन पनि । लोकतन्त्रलाई साधन होइन साध्य ठान्ने र त्यसैमा जीवन जगतको संस्कृति फुल्छ फल्छ भन्ने विश्वास गर्ने राजनैतिकदलसँग नै अपेक्षागर्ने हो । अतः राजनैतिक पार्टीहरूले स्वतन्त्र न्यायपालिका स्थापनामा खेल्नुपर्ने भूमिका विशेषतः लोकतान्त्रिक पार्टीको काम हो । त्यसमा पनि लोकतन्त्रको मातृशक्तिको रूपमा रहेको नेपाली काङ्ग्रेस आशा र भरोसाको अन्तिम केन्द्रको रूपमा नेपाली समाजले अझै लिएको छ । लोकतान्त्रिक पार्टीका हिसाबले नाबालक नै रहेको पार्टीसँग भन्दा बढी अपेक्षा र विश्वास लोकतन्त्रको मातृसंस्थाको रूपमा रहेको नेपाली काङ्ग्रेससँग नै गरेका हुन्छन् पनि । त्यो विश्वासमा आँच आउन नदिने काम नेपाली काङ्ग्रेसका वर्तमान नेतृत्व पदाधिकारीलगायत नेता गणको हो । यसैबाट अदालतप्रति जनआस्थाबृद्धि हुने हो । यो हेक्का हामी सबैले राख्नुपर्दछ ।

**राजनैतिक दलको सबलता र यसको प्रभाव** : राजनैतिक पार्टीभित्रको आन्तरिक लोकतन्त्र राम्रो नभईकन पूर्ण शक्तिका साथ राष्ट्रिय राजनीतिमा कुनै पनि पार्टी स्थापित हुन सक्तैन । राजनैतिक पार्टीले लोकतन्त्रलाई आफ्नो जीवन पद्धतिको रूपमा स्थापित गराउन चाहने हो भने नेपाली जनताको आवश्यकतालाई सम्बोधन गर्ने आर्थिक विकासका कार्यक्रमको एजेण्डासहित बृहत राजनैतिक र वैचारिक बहसलाई आमन्त्रण गर्न सक्नुपर्दछ । त्यस्ता बहसहरू पार्टीभित्रको आन्तरिक विषय तथा नीति र सिद्धान्त समेतका विषयमा छलफल चलाउँदै जानुपर्दछ । नेपाली काङ्ग्रेस पार्टीले आफूलाई लोकतान्त्रीकरणका हिसाबले मात्रै होइन, कानुनका सिद्धान्त र नैतिकता भित्रबाट पनि परिक्षण हुने मौका प्रदान गर्नुपर्छ । त्यस्तो पार्टीलेमात्र लोकतन्त्रको पहरेदार संस्था स्वतन्त्र न्यायपालिकाको बारेमा आफ्ना विचार र कार्यक्रम राख्दा बढी जनआस्था बृद्धि हुने हुन्छ । लोकतन्त्र आफ्नो लागिमात्र खोज्ने तर अरूका लागि राणा र पञ्चायती संस्कारकै रूपमा व्यवहार गरिने परिपाटी रहेसम्म लोकतन्त्रलाई जीवन र जगतको संस्कार बनाउन सकिँदैन । अनि कमजोर लोकतन्त्रले स्वतन्त्र न्यायपालिकाको संरक्षण गर्न सक्तैन । नेपाली काङ्ग्रेसले आफ्नो भूमिका खोज्ने होइन रोज्ने हो । नेपाली काङ्ग्रेसलाई लोकतन्त्र प्रति प्रतिबद्ध नभएको भन्ने आरोप छैन तर लोकतान्त्रिक पार्टीका हिसाबले नेपाली काङ्ग्रेसले किन आकर्षण लिन सकिरहेको छैन भनेर फर्केर हेर्ने काम पनि नेपाली काङ्ग्रेसले नै गर्ने विषय हो । नेपाली काङ्ग्रेसले आज आफैलाई पुनर्निर्माण गर्नुपर्ने अवस्थामा रहेको हो भन्ने लोकतन्त्रलाई जीवन पद्धति बनाउने काम अझ टाढै धकेलिने देखिन्छ । अतः नेपाली काङ्ग्रेसले आफूलाई आमूल परिवर्तनको साथ जनता सामू उपस्थित गराउन सक्नुपर्दछ । नेपाली काङ्ग्रेसले आफ्नो आन्तरिक लोकतन्त्रलाई बलियो बनाएर आफ्ना कुरा राख्दा त्यसको प्रभाव निर्णायक तहसम्म नै रहन्छ र पुग्छ पनि ।

नेपालमा पार्टीका नेताहरू (सत्तापक्ष कै भए पनि) जनताका सामू प्रतिपक्षको भूमिकामा रमाउने गरी बोल्ने

र देखिने गर्दछन् । अर्कोतिर सत्ताको प्यासी भएर मूल्य मान्यता र आवश्यकताको सिद्धान्त विपरित सत्ताको साझेदारी गर्न राजनैतिक तहमा तछाडमछाड गर्दछन् । राजनैतिक दलभित्र दैनिक रूपमा देखिएको यो प्रवृत्तिबाट नेपाली काङ्ग्रेस पार्टी मुक्त रहन सक्नुपर्दछ । सत्ता जीवनको लक्ष्य बनाएको नेताबाट पद्धति र प्रणालीको विकास गर्न सक्तैन भन्ने कुरा पार्टीमा उदाँउदै गरेका युवा नेताले बुझेकै हुनुपर्दछ ।

**राजनैतिक बिचारको द्वन्द्व र संविधानवाद** : हाम्रो समस्याहरू संविधान निर्माणदेखि नै रह्यो । दुई विपरित बिचारको साझा दस्तावेज संविधानलाई बनाउन खोज्दा हाम्रो संविधान मौलिक तथा प्राकृत्य र संस्कारजन्य संविधान बन्न सकेन । अर्थात् संविधानवाद अनुरूपको संविधान हुन सकेन । बहुदलीय राजनैतिक प्रणाली भनिए पनि बहुलवाद हुर्केन । त्यस्तै संविधानको राजनैतिक लिङ्ग पनि छुट्याउन सकिँदैनन् । तत्कालीन संविधान सभामा लोकतान्त्रिक विचार र कम्युनिष्ट विचार राख्ने सदस्यहरू झण्डै बराबर रहेको र संविधान सभामासमेत ह्विप लगाई संविधान पारित गरिएको हुँदा संविधान सभाले संविधान निर्माणको आफ्नो मौलिक प्रकृया अवलम्बन गर्न सकेन । संविधान सभाको प्रकृयाबाट संविधान निर्माण नभई दुई विपरित ध्रुवका राजनैतिक विचार बिचको सहमतिबाट निर्माण हुन पुग्यो । ती दुई बिचारको द्वन्द्व संविधानको कार्यान्वयनमा देखिन थालेको छ । त्यति मात्रै होइन लोकतन्त्रको मेरुदण्डको रूपमा रहेको हाम्रो न्यायपालिका अर्थात् न्याय प्रणाली, कमन ल प्रणालीलाईअनुसार स्थापित भएको भनिन्छ तर त्यसको प्रयोग कमल ल प्रणालीअनुसार भएको छैन । सर्वोच्च अदालतभित्र दुई सर्वोच्च निकाय रहनेगरी न्यायालयलाई राखिएको छ । राजनैतिक दललाई यी विषयहरू पनि थाहा नभएको जस्तो देखिन्छ । नेपालको संविधानलाई कम्युनिष्ट बिचारअनुसार कार्यान्वयन गरिन्छ कि लोकतान्त्रिक बिचारअनुसार त्यो पनि प्रस्ट हुन सकिरहेको छैन । नेपाली काङ्ग्रेस पार्टीका विधान[12] र दस्तावेजले लोकतन्त्रलाई अन्तिम साध्य ठानेको छ तर एमाले,[13] माओवादी[14] लगायतका कम्युनिष्ट पार्टीको विधानको साम्यवादलाई साध्य ठानेका छन् । लोकतन्त्र र स्वतन्त्र न्यायपालिका उनीहरूका लागि रणनीति मात्रै हो भन्ने कुरा उनीहरूको विधानमा लेखिएको सिद्धान्तबाट प्रस्ट भएको देखिन्छ । उनीहरू समाजवाद हुँदै साम्यवादसम्म पुग्ने लक्ष्य विधानमा उल्लेख गरेका छन् । अतः उनीहरूको साध्य लोकतन्त्र होइन ।

एउटा लोकतन्त्रवादी अर्को लोकतन्त्रवादी पार्टीसँग मिल्न सक्तैन । त्यस्तै एउटा कम्युनिष्ट अर्को कम्युनिष्ट पार्टीसँग पनि मिल्दैन । घनघोर कम्युनिष्ट पार्टी घनघोर लोकतन्त्रवादी पार्टीसँग सहजतापूर्वक समीकरण गर्दा अझ बढी न्यानो ठान्दछ । भविष्यमा लोकतन्त्रवादी र साम्यवादीहरूको धुव्रीकरण हुँदै जान सक्ने देखिन्छ । यो ध्रुवीकरण पछि दुई विचार बिच एउटा ठुलो द्वन्द्व नेपालमा आफैँ हुन बाँकी रहेको छ भनिन्छ । आज लोकतन्त्र त छ देशमा तर त्यो लोकतन्त्र जोइटिङ्गे लोकतन्त्र जस्तो देखिएको छ । यसलाई पूर्ण लोकतान्त्रिक सिद्धान्त अनुकूल बनाउने अवसर र जिम्मेवारी नेपाली काङ्ग्रेसको काँधमा छ ।

लोकतन्त्रको वैधानिक आधार मानव अधिकारको सम्मान र विधिको शासनको पारदर्शी कार्यान्वयन नै पहिलो सर्त हो । मानव अधिकारको सम्मान हाम्रो संविधानले राम्रैसँग गर्न खोजेको पनि देखिन्छ । मौलिक हकसम्बन्धी व्यवस्था संविधानभित्र माला निर्माण गर्न पुग्ने गरी नै राखिएका छन् । यस दृष्टिले हेर्दा संविधानको कुनै कमजोरी छैन भन्ने नै बुझाइ छ तर हिजो भएका व्यक्ति हत्यालाई २०६३ र २०७२ को संविधानले वैधानिकता दिँदा पीडित व्यक्तिहरूलाई न्याय गर्न सकिदैन भन्नेतर्फ हाम्रो सोचाइ पुगेन । न्याय खोजि गरिरहेका व्यक्तिहरू माथि सत्ता साझेदारहरूको नाममा पिडकहरूबाट आज पनि शासित हुनु परेको पीडा लुकेको छैन । जसलाई २०६२ र २०७२ को संविधानले वैधानिकता प्रदान गरिदिएको छ । अतः लोकतन्त्र सत्ताधारीहरूको लोकतन्त्र जस्तोमात्र देखिएको छ । पिडितहरूलाई न्याय दिन नेपाली काङ्ग्रेसले ढिलो गर्न हुँदैन । शान्ति प्रकृया पुनः स्थापनाको नाममा पिडितलाई न्याय ढिलो गर्न हुँदैन । ढिलो न्याय दिनु भनेको न्याय गर्न नचाहनु हो ।

स्वतन्त्र न्यायपालिका र नेपाली काङ्ग्रेस भन्ने मूल शीर्षकतर्फ बाटै यस लेखलाई निर्माण गर्दा स्वतन्त्र न्यायपालिका सम्बन्धित मूलभूत संरचना र ती संरचनाको निर्माण, नियुक्ति र काम कारवाही भित्रै रहेर हेर्दा कस्तो मानचित्र तयार हुन्छ भन्नेतर्फ नै केन्द्रिकृत हुन बान्छनीय रहँला ।

**स्वतन्त्र न्यायपालिकाको वाच डगको** ? : हाम्रो देशको संविधानले न्यायपालिकालाई प्रधानन्यायाधीशको जिम्मामा सुम्पेको देखिन्छ । संसारका संविधानले नदेखेको धारा १३६[15] को प्रावधान हाम्रो संविधानको रोजाई भएको छ । धारा १३६ को व्यवस्था हाम्रो संविधानमा किन चाहियो कसैसँग यसको जवाफ छैन । तत्कालीन दरबारबाट लखेटिएका पूर्व प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायले २०४७का संविधान सुझाव आयोगको अध्यक्षता गर्ने अवसर प्राप्त गर्नुभयो ।[16] न्यायपालिकालाई कार्यपालिकाबाट मुक्त राख्ने गरी न्यायपालिकाको संरचनामा व्यापक परिवर्तन गरिएको भए तापनि धारा १३६ प्रावधान राखिएको थिएन । प्रधानन्यायाधीशसलाई अझ बलियो बनाउने गरी अन्तरिम संविधान २०६३ को धारा ११२[17] मा प्रधानन्यायाधीशको जिम्मेवारी भन्ने धारा थप गर्दै प्रधानन्यायाधीशलाई अझ बढी कार्यकारी बनाउने काम गऱ्योतर त्यसको औचित्य र आवश्यकता नेपालमा किन छ भन्नेतर्फ संविधान सभाले पनि विवेचना गरेको देखिँदैन । २०७२ सालमा संविधान सभाबाट जारी भएको भनिएको संविधानमा यो प्रावधानलाई खुरुखुरु दोहोऱ्याएर लेख्ने काममात्र भयो यसको मर्म र आवश्यतातर्फ छलफल र विश्लेषण भएको पाइँदैन । २०४७ सालको संविधानबाटै प्रधानन्यायाधीशलाई संवैधानिक परिषदको सदस्य, न्यायपरिषदको अध्यक्ष, न्याय सेवा आयोगको अध्यक्ष बनाउने काम भयो । पछि राष्ट्रिय न्यायिक प्रतिष्ठानको अध्यक्षलगायतका प्रशासनिक काम र अधिकारबाट सुशोभित गर्दा प्रधानन्यायाधीश कार्यकारीको रूपमा स्थापित हुँदै आयो । प्रधानन्यायाधीशलाई न्याय सम्पादनको नीतिगत काम मात्रैमा केन्द्रिकृत गरिएन । संविधान निर्माणमा त्यस्ता गम्भीर विषयतर्फ हाम्रो ध्यान त्यति पुगेको देखिँदैन । अझ पेशी तोक्ने र बेन्च गठन गर्ने अधिकारसमेत भएको अवस्थामा प्रधानन्यायाधीशले नचाहेको निर्णय मुद्दाकै रोहमासमेत हुदैनथ्यो भनिन्छ । यसको गहिरो प्रभाव बारेमा हामीले सोच्नुपर्ने हो । धेरै शक्तिबाट सुशोभित प्रधानन्यायाधीशले न्याय सम्पादनमा भन्दा शक्ति आर्जन तर्फको रोजाइ बढाउँदै लग्छन् भन्ने बुझाइ हाम्रो हुनुपर्दछ । जो स्वतन्त्र न्यायपालिकाको हितमा हुँदैन ।

**न्याय सम्पादनका दुई सर्वोच्च निकाय** : न्याय सम्पादनका लागि संविधानमा दुई सर्वोच्च निकाय राखिएको छ । पहिलो सर्वोच्च अदालत हो भने, दोस्रो संवैधानिक इजलास हो । संविधानको यो प्रावधानले के विशिष्टकृत न्याय प्रदान गरेको छ? संविधानको धारा १३७[18]अनुसार स्थापना गरिएको संवैधानिक इजलासमा प्रधानन्यायाधीश बाहेक ४ जना सर्वोच्च अदालतका वरिष्ठन्यायाधीश रहन सक्ने गरी न्यायपरिषदले दिएको पहिलो परामर्शलाई[19] तोडमोड गरी वरिष्ठबाहेकका अरू केही न्यायाधीशलाई पनि संवैधानिक इजलास गठनको रोष्टरमा राख्न सक्ने गरी मिति २०७३ । १२ । १० सर्वोच्च अदालतको परमादेशको आदेश भएपछि न्यायपरिषदबाट दोस्रो परामर्श लिई गरिएको परिवर्तनले संवैधानिक इजलासको मर्यादा र गाम्भीर्यतामा गम्भीर आघात पुयाएको देखिन्छ । दोस्रो परामर्श दिने गरी न्यायपरिषदले गरेको निर्णयले न्यायालयमा गम्भीर समस्या भित्र्याएको छ । साथै वरिष्ठतम न्यायाधीश बाहेकको अरू केही न्यायाधीशलाईसमेत संवैधानिक इजलासमा राख्न मिल्ने गरी न्यायपरिषदबाट सिफारिस गराउने गरी भए गरिएको नयाँ रोष्टरले सर्वोच्च अदालतमा वरिष्ठतम बाहेक पनि न्यायाधीशहरूको अर्को श्रेणी पनि खडा गराइएको देखिन्छ [20] । आज यो विवादको विषय बन्दै आएको छ । वरिष्ठतम बाहेक अन्य न्यायाधीश संवैधानिक इजलासमा तोक्ने व्यवस्था नितान्त प्रधानन्यायाधीशलाई न्यायसम्पादनमा सहजता पुऱ्याउने बाहेक अरू उद्देश्य देखिँदैन् । प्रधानन्यायाधीश भएका व्यक्तिहरूले न्याय सम्पादनको माध्यमबाट राजनीतिक चलखेल गर्न पनि सक्ने देखिन्छ । अर्कोतर्फ प्रधानन्यायाधीश कमजोर नभई

इमानदार हुँदा बेन्च गठन गर्ने तथा पेशी तोक्ने व्यवस्था गोलाप्रथाभन्दा कमजोर थिएन। तैपनि हाम्रो जस्तो देशमा यो कठिन कामको रूपमा रहेको विषय थियो। वरिष्ठ ४ जनाभन्दा बढी न्यायाधीशलाई पनि संवैधानिक इजलासमा राख्ने सुविधा दिने हो भने सर्वोच्च अदालतका सबै न्यायाधीशबाट संवैधानिक इजलासबाट हेरिने मुद्दा हेर्न मिल्ने गरी गोला वा अटोमेसनको प्रकृयाबाटै मुद्दाको सुनुवाई हुनु बढी पारदर्शी हुन्छ। न्याय सम्पादनको सन्तुलन र न्यायाधीशलाई परख गर्ने आधार पनि बन्दछ।

**सबै अदालतलाई स्थायी प्रकृतिका अदालत र क्षेत्राधिकार** : सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत र स्थानीय स्तरमा मुद्दा हेर्ने वाविवाद समाधानका वैकल्पिक उपायबाहेक अदालतलाई स्थायी प्रकृतिका अदालतको रूपमा राख्न हुँदैन। संविधानको धारा १५२अनुसार स्थायी प्रकृति अदालत नदेखिए पनि व्यवहारमा विशेष अदालतजस्ता केही स्थायी प्रकृतिका अदालत रहँदै आएका छन्।[21] संवैधानिक माध्यमको रूपमा त्यस्ता संरचनामा कार्यपालिकाको पहुँच बढाउने काम हुँदैआएको देखिन्छ। अत संविधानको पुन संरचना गर्दा यस्ता वैकल्पिक न्याय सम्पादनका माध्यमहरू सबै हटाउनुपर्दछ। अदालतको क्षेत्राधिकारको हिसाबले उच्च अदालतलाई मात्रै हैन जिल्ला अदालत तहसम्म रिट क्षेत्रलाई पुऱ्याइएको छ। यो न्यायका सहज पहुँचका हिसाबले राम्रो मानिएको होला। ट्रायलकोर्ट र रिट हेर्ने अदालत बिचको फरकलाई मापन गर्न सकिएको देखिँदैन। रिट क्षेत्र एउटा विशिष्टकृत उपचार हो, जुन ट्रायलकोर्टबाट भन्दा उच्च अदालत र सर्वोच्च अदालतबाट प्रयोग गर्दा बढी प्रभावकारी हुन्छ। हुन त उच्च अदालत, कार्य प्रणालीका हिसाबले पुनरावेदन अदालतभन्दा फरक बनाइएन। संविधानले परिकल्पना गरेको उच्च अदालतलाई प्रदेश तहमा १मात्र उच्च अदालत राख्न राजनैतिक तहको हैसियत रहेको पनि देखिएन।[22] प्रत्येक प्रदेशमा एक उच्च अदालत रहने भनिए तापनि पुनरावेदन अदालतको हैसियत र क्षेत्राधिकारमा नै यसलाई बिस्तार गरिएको छ। त्यति मात्रै होइन उच्च अदालत अभिलेख अदालत पनि बनाइएन। अभिलेख अदालत नबनाउने हो भन्ने उच्च अदालतभन्दा अपिल(पुनरावेदन) अदालत नै उपयुक्त संरचना हो।

**न्यायपरिषद स्थापना र कार्यक्षेत्र** :

१. न्यायपालिकालाई स्वतन्त्र र सक्षम बनाउन राजनैतिक प्रभावबाट टाढा राख्ने उद्देश्यसाथ पूर्व प्रधानन्यायाधीश तथा २०४७ सालको संविधान निर्माणका लागि गठन भएको संविधान सुझाव आयोगका अध्यक्ष विश्वनाथ उपाध्यायको पहलबाट स्थापना भएको न्यायपरिषद आफैमा स्वतन्त्र संस्था देखिएको छैन। यो सर्वोच्च अदालतको छायाँ सङ्गठनको रूपमा मात्रै रहेको छ।

२. न्यायपरिषदलाई अन्य संवैधानिक निकायलाई जस्तै संविधानको छुट्टै भागमा राखिएको छैन। संविधानको भाग ११ को न्यायपालिकाभित्र न्यायपरिषदलाई राखिएको छ। न्यायपरिषदमा ३ पदेन सदस्य र २ जना पदेनबाहेक सदस्य रहने व्यवस्था छ। २ जना मध्ये १ जना प्रधानमन्त्रीको सिफारिस र अर्को एक जना नेपाल बारको सिफारिसमा राष्ट्रपतिबाट नियुक्ति गरिन्छन्। अर्थात् यी २ जना सदस्यको सिफारिस संवैधानिक परिषदबाट हुँदैन। साथै उनीहरूको पदावधि पनि अन्य संवैधानिक आयोगका पदाधिकारी र सदस्यको जस्तो ६ वर्ष नभई ४वर्षमात्र कायम गरिएको छ। अन्य संवैधानिक निकायका पदाधिकारी र सदस्य भइसकेको व्यक्ति सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य हुनेछैन भनिएको छ तर न्यायपरिषदको सदस्यको हकमा त्यस्तो संवैधानिक बन्देज रहेको देखिँदैन। सर्वोच्च अदालतको प्रधानन्यायाधीश अध्यक्ष रहनेगरी गठन हुने न्यायपरिषदको काम मूलभूत रूपमा न्यायाधीशको नियुक्ति सरुवा अनुशासनसम्बन्धी कारवही वर्खास्ती र न्याय प्रशासनसम्बन्धी अन्य विषयको सिफारिस गर्न वा परामर्श दिने रहेको देखिन्छ।

नियुक्ति निश्चित समयमामात्र हुने काम हो भन्ने अन्य काम नियमित काम भए पनि न्यायाधीशहरूको नियुक्तिको विषयबाहेक अरू कामका सम्बन्धमा खासै चर्चा न्यायपरिषदको हुने गरेको छैन ।

३. संविधानले न्यायपरिषदलाई प्रदान गरिएको अन्य कामहरू प्रधानन्यायाधीशसले सर्वोच्च अदालतमार्फत तथा फुलकोर्टमार्फत प्रयोग गर्ने परम्परा बसालियो । २०४७ सालको संविधानबाट प्राप्त अधिकार २०७२ सालमा जारी भएको संविधानले निरन्तरता दिए पनि न्यायपरिषदले संविधानको धारा १५३ (१) को काम स्वतन्त्र रूपमा गर्न सक्ने गरी सचिवालयको व्यवस्था गरिएको छैन ।[23] त्यस्तै धारा १५३ (७) (८) लाई कार्यान्वयन गर्न न्यायपरिषदलाई सक्षम बनाइएको पनि छैन । न्यायपरिषद कमजोर हुनमा यसको सदस्यहरूको कारणबाट हो कि नेतृत्वको कारण मूल हो भन्नेतर्फ हाम्रो ध्यान गएकै छैन ।

४ संविधानको धारा १३६ ले विभूषित भएका प्रधानन्यायाधीश न्यायपरिषदमा कार्यकारी भूमिकामा रहन चाहन्छन् । न्यायपरिषद सचिवालय न्याय सेवाका कर्मचारीमा निर्भर रहेको हुँदा प्रधान न्यायाधीशलाई कार्यकारी भूमिका प्रदान गर्न त्यसकारणले पनि थप बल प्रदान गरेको छ ।

५ हुनत न्यायाधीशको नियुक्तिका सम्बन्धमा अरू देशमा समस्या नभएको होइन । प्राय सबै देशकमा न्यायाधीशको नियुक्तिले महत्त्व पाएको हुँदा नियुक्तिमा पनि उत्तिकै चर्चा र परिचर्चा हुने गर्दछ ।

६ भारतीय सर्वोच्च अदालतमा न्यायाधीश नियुक्ति कलेजियम प्रणाली[24] मार्फत गर्ने गरिन्छ । उक्त कोलेजियममा प्रधानन्यायाधीश (Chief Justice of India)सहित चारजना वरिष्ठतम् न्यायाधीशहरू गरी पाँच सदस्य रहन्छन् । कोलेजियमले सर्वसम्मत वा बहुमतीय निर्णय गरेर प्रस्तावित नामहरू कानुन मन्त्रालयमा पठाइन्छ । कानुन मन्त्रालयमार्फत मन्त्रीपरिषदमा प्रस्तुत भएको प्रस्ताव मन्त्रीपरिषदले निर्णय गरी प्रधानमन्त्रीले राष्ट्रपतिको समक्ष नियुक्तिका लागि पेश गरेको व्यक्तिलाई राष्ट्रपतिले नियुक्ति गर्ने व्यवस्थालाई अँगालिएको देखिन्छ ।

७ भारतले आजसम्म अगाँल्दै आएको कलेजियम प्रणालीमा पनि उत्तिकै विवाद रहेको कुरा The National Judicial Appointments Commission Bill2014 भारतको संसदमा पेश गर्दा तत्कालीन कानुन मन्त्री कपिल सिब्बल र भारतको राष्ट्रिय सभामा विपक्षी दलका नेता अरूण जेटलिले राखेको बिचारबाट प्रस्ट देखिन्छ ।[25]

८ अर्कोतर्फ न्यायपरिषदसम्बन्धी ऐन कानुन नियम मापदण्डमा फुलकोर्टको राय लिने काम सरकारले पनि छोड्नुपर्छ । न्याय प्रशासन सम्बन्धी ऐन तथा कामसम्बन्धी परामर्श दिने काम संविधानले न्यायपरि षदलाईमात्र दिइएको छ । न्यायपरिषद स्थापना भएको र संविधानले न्यायपरिषदलाई साधिकार बनाएको हेक्का अझै पनि सरकार र सरकारका निकाय कसैले गरेको देखिँदैन । उनीहरूका लागि न्यायपरिषद र सर्वोच्च अदालत बिचको संवैधानिक रेखा छुट्टिएको देखिँदैन ।

**न्यायाधीश नियुक्तिका प्रणालीहरू** : संसारमा न्यायाधीश नियुक्तिका विभिन्न प्रणालीहरू छन् । अझै पनि न्यायाधीश नियुक्तिमा कार्यपालिकाको भूमिका नै प्रधान रहेको छ । सन् १९८० को दशक पछि बिस्तारै न्यायाधीश नियुक्तिको सिफारिस गर्न छुट्टै संरचनाको स्थापना हुन थालेको देखिन्छ । त्यस्तै न्यायाधीशको नियुक्ति संसदबाट गर्ने प्रचलन पनि रहेकै देखिन्छ । सथै आज पनि न्यायाधीशको नियुक्ति निर्वाचनको माध्यमबाट पनि हुन्छन् । अमेरिकामा केही राज्य तथा स्वीजरल्याण्डमा न्यायाधीशको नियुक्ति निर्वाचनबाट गर्ने प्रचलन आज पनि चलिरहेकै छ । नेपाल अधिराज्यको संविधान २०४७ अघि राजसभाका सदस्यहरूसँग परामर्श गरी र सर्वोच्च

अदालतका अन्य न्यायाधीशहरूको राय बुझि श्री ५बाट महाराजधिराजबाट प्रधानन्यायाधीशको नियुक्ति गर्ने र अन्य न्यायाधीशहरूको नियुक्ति प्रधानन्यायाधीशसँग परामर्श गरी नियुक्ति गर्ने व्यवस्था थियो ।[26] भारतमा सर्वोच्च अदालतका वरिष्ठतम ५ जना न्यायाधीशको कलेजियमले सिफारिस गरेको व्यक्ति भारत सरकारले नियुक्तिका लागि राष्ट्रपटि समक्ष पेश गरेपछि नियुक्ति हुने गर्दछ । फ्रान्समा न्यायाधीश सिफारिसका लागि हाम्रो न्यायपरिषद जस्तै Conseil Superieur de la magistrature (CSM) नामक निकायकोमार्फत हुने गर्दछ । फ्रान्सको Legal system लाई Civil law System भन्ने गरिन्छ । Canada Judicial Advisory committees नामक संस्थाको सिफारिसबाट गरिन्छ । त्यस्तै दक्षिण अफ्रिकामा Judicial Service Commission (JSC)द्वारा न्यायाधीशको सिफारिस गरिन्छ । यसरी न्यायाधीशको नियुक्ति यही प्रकृयाबाट गर्नुपर्दछ भन्ने कुनै निश्चित सर्वसम्मत प्रणालीहरू छैनन् । फरक फरक प्रणालीबाटबाटै आजसम्म न्यायाधीश नियुक्ति हुने गरेको छ । परिषदीय प्रणाली भए पनि सबै परिषदको कार्य प्रणाली र प्रकृयाहरू एउटै छैनन् । त्यसमा पनि विविधता रहेको पाइन्छ ।

**न्यायाधीश नियुक्ति र राजनैतिक प्रभाव** : संसारभर न्यायाधीश नियुक्तिमा राजनैतिक प्रभाव रहेको भन्ने छ । आलोचना हुने प्रमुख विषय पनि यही हो । यो विषयलाई नियुक्तिबाट छुट्याउन त्यति सजिलो पनि देखिँदैन । फ्रान्सको Civil law प्रणालीले न्यायाधीशको नियुक्तिमा राष्ट्र सेवक कर्मचारीबाटै नियुक्ति गर्नेगर्दछ । यो पद्धति पनि राजनैतिक प्रभावबाट मुक्त छ भन्ने छैन । संयुक्त राज्य अमेरिकामा Democrate Judge र Republican Judge भन्ने गरिन्छ । अमेरिकामा राजनैतिक प्रभावलाई अस्वीकार गरिएको पनि छैन तर सक्षम व्यक्तिको मनोनयन भयो कि भएन भन्ने विषयको प्रश्न त्यहाँ शसक्त रूपमा उठ्ने गर्दछ । Republic of China मा सर्वोच्च अदालतलगायत अन्य प्रमुख अदालतको न्यायाधीश नियुक्ति गर्दा त्यँहाको Communist party of China को राजनैतिक बिचारमा विश्वास नगर्ने अर्थात् Politbureau of Communist party;ँग असहमत रहेका Jurist लाई नियुक्ति गर्रिदैन । त्यो सम्भव देखिँदैन । लोकतान्त्रिक मुलुकले बरु राजनैतिक प्रभाव कम गर्नुपर्छ भन्ने स्वीकार गरेको पाइन्छ । त्यसैको फलस्वरूप कार्यकारीको प्रत्यक्ष भूमिकाबाट नियुक्ति गर्ने प्रकृयालाई परिषदीय प्रणालीतर्फ लग्दै गरेको देखिन्छ । परिषदीय प्रणालीबाट हुने नियुक्तिमा कसरी राजनैतिक प्रभाव कम गर्न सकिन्छ भन्ने खोज र प्रयास भइरहेको छ । लोकतान्त्रिक देशहरूमा यस्ता प्रयासले बिस्तार Maturity प्राप्त गर्दै न्यायाधीश नियुक्तिमा राजनैतिक प्रभावबाट मुक्त राख्न सक्ला भनी आशा गर्ने ठाँउ छोडिएको छ ।

नेपालमा पनि न्यायाधीश नियुक्ति गर्ने निकाय र नियुक्तिमा राजनैतिक प्रभाव बढी भयो भनिएको छ । नेपालमा न्यायाधीश नियुक्ति गर्दा राजनीतिक प्रभावलाई मुक्त गर्ने प्रयास खासै भएको छैन । राजनैतिक विचार शून्यताको व्यक्तिको खोजी गर्नु अर्को विडम्पनापूर्ण काम हो । लोकतन्त्रको मेरुदण्डको रूपमा स्थापना गरिने स्वचन्त्र न्यायपालिकामा लोकतन्त्र (Democracy) मा विश्वास नगर्ने अर्थात् Communist सिद्धान्तमा विश्वास र आस्था राख्नेलाई स्वतन्त्र न्यायालयको न्यायाधीश बनाउन हुन्छ कि हुँदैन भन्ने विषयमा बहसै चलेको छैन । हाम्रो संविधानलाई लोकतान्त्रिक संविधान मान्ने हो भने न्यायाधीश हुन कम्तीमा लोकतन्त्रवादी अर्थात् लोकतन्त्रमा विश्वास र आस्था भएको हुनुपर्दछ । न्यायाधीश नियुक्ति गर्दा यस्ता पृष्ठभूमितर्फ हामीले छलफल नगरी न्यायाधीश नियुक्ति गर्दै गयौं भने कुनै दिन न्यायाधीश र राजनैतिक प्रणालीबिच ठुलो टसल उत्पन्न हुनसक्छ । बौद्धिक बहसका रूपमायसलाई हामीले अगाडि बढाँउदै जानुपर्छ । न्यायाधीश नियुक्ति गर्दा सक्रिय राजनीतिमा रहेका व्यक्ति रोजाइमा पर्नु हुँदैन । जो न्यायाधीशमा नियुक्ति हुन्छन् ती व्यक्ति पदीय मर्यादालाई सम्मान गर्ने खालका हुनुपर्दछ । राजनीतिकै प्रभावका कारण क्याडर जजलाई बढुवा हुने अवसरबाट बन्चित गरियो भन्ने पनि छ । क्याडरका व्यक्तिहरू न्यायाधीशमा राम्रा छन् भन्ने मानिन्छ । नेपाली समाजमा उठेका यी धारणाप्रति हाम्रो गहिरो अध्ययन छैन । वकिललाई राजनैतिक व्यक्ति मान्ने र कर्मचारीलाई गैर राजनैतिक व्यक्ति

भन्ने मान्यता एकदम सतही मान्यता हो । आज कानुन व्यवसायीमा भन्दा बढी राजनीति निजामति सेवाभित्रका कर्मचारीमा छ । कर्मचारीभित्र अझ बढी अतिवादी(कट्टरता) देखिन्छ । अर्कोतर्फ कानुन व्यवसायीमा न्यायाधीशका लागि अब्बल व्यक्तिहरू प्रशस्त छन् । कर्मचारीहरू ट्रेड युनानिजमका बलमा अब्बल देखिनु अर्को विषय हो । न्याय सम्पादन आफैमा स्वतन्त्र काम हो । त्यस्तो स्वतन्त्रताको प्रयोग उसको व्यावसायिक विकासको संस्कारबाट प्राप्त हुने हो । स्वतन्त्र संस्कार कानुन व्यवसाय र प्राध्यापनबाट जति हुनसक्छ, त्यति व्युरोक्रेसी क्षेत्रबाट हुन सक्तैन । लोकतान्त्रिक देश वेलाईतले सयौं वर्ष अघिदेखि अभ्यासमा रहेको कमन ल प्रणालीले रोजेको व्यक्ति स्वतन्त्र र सक्षम हो, कर्मचारी थिएनन् । सँगसँगै न्यायाधीश नियुक्ति कोटाको विषय पनि बन्न दिन हुँदैन । नियुक्ति प्रणाली सबैका लागि समानहुनुपर्दछ । न्याय सेवाका कर्मचारीलाई बढुवाको प्रकृयाबाट र कानुन व्यवसायीलाई परीक्षाको प्रकृयाबाट न्यायाधीश नियुक्ति गर्ने प्रकृया वस्तुत गलत छ । एउटै प्रणालीबाट नियुक्ति हुने अवसर सबैलाई दिनुपर्छ ।

**न्यायाधीश नियुक्ति र विवादको समाधान** : न्यायाधीश नियुक्तिमा देखिएको विवादको मूल जड प्रकृयाको प्रधानता नभएको कारणबाट हो । प्रकृयाको माध्यमबाट आउने परिणामलाई हामीले अपनाउन नचाहेका कारण विवाद बढ्दै गएको देखिन्छ । न्यायाधीश नियुक्तिमा कम्तीमा पारदर्शी ४ चरणको प्रकृया अवलम्बन गर्न सक्यौं भने नियुक्तिमा हुने विवाद बिस्तारै समाप्त हुँदै जाने देखिन्छ । पहिलो चरणमा कानुनले अयोग्य नभएको योग्य व्यक्तिहरूको रोष्टर निर्माण गर्ने । दोस्रो चरणमा त्यसमध्येबाट इच्छुकहरूको लिष्ट निर्माण गर्ने । तेस्रो चरणमा न्यायपरिषदका सदस्य संलग्न नहुने गरी बार, महान्यायधीवक्ता, मुख्य रजिष्ट्रार, कानुन मन्त्रालयको सचिव, डिन कार्यालय र लब्ध प्रतिष्ठित व्यक्तिसमेत रहनेगरी (उक्त समितिका व्यक्तिहरू आफैं रोष्टरमा रहन नपाउने गरी) एउटा विशेषज्ञ समिति गठन गर्ने (प्रत्येक नियुक्तिका लागिमात्र गठन गर्ने) र त्यस्तो विशेषज्ञ समितिले कारण र आधार दिई आवश्यक पद सङ्ख्याको कम्तीमा तीन दोब्बर सङ्ख्याको रोष्टर तयार गरी न्यायपरिषदमा पेश गर्ने । न्यायपरिषदमा त्यसरी प्राप्त भएको रोष्टर मध्येबाट न्यायाधीशको नियुक्तिका लागि सिफारिस गर्ने परिपाटी बसाल्न सक्यौं भने आज देखिएको विवाद मूलतः रहने छैन । रोष्टर कसरी बन्छ, इच्छुक को को हुन्, विशेषज्ञ समितिले कसरी रोष्टर तयार गर्‍यो यी सबै प्रकृया पारदर्शी रूपमा सार्वजनिक गर्दै लग्नुपर्छ । संसदीय सुनुवाई भन्दा न्यायपरिषदबाटै सार्वजनिक सुनुवाईको विशेष व्यवस्था गर्नु बान्छनीय हुन्छ । सार्वजनिक सुनुवाईमा को को बस्ने कस्ता प्रश्नहरू सोध्न पर्ने भन्ने विषय पनि हाम्रा नियुक्तिसम्बन्धी मापदण्डहरू निर्माण गरी लागु गर्न सक्नुपर्दछ ।

हाम्रा दृष्टिकोणहरू नियुक्ति राम्रो भएन । नियुक्तिमा भ्रष्टाचार भयो भन्ने मा नै हामी रमाएका छौं या अलमलिएका छौं । नियुक्ति राम्रो बनाउने हो भने नियुक्ति प्रकृयाको मापदण्ड निर्माण गर्नुपर्छ । जुन मापदण्ड पारदर्शी रूपमा कार्यान्वयन हुने व्यवस्थापन गर्नुपर्दछ । हामी मापदण्ड निर्माण गर्नुभन्दा निर्माण भएका मापदण्ड खारेज गर्न हतार गर्ने संस्कार छ । न्यायपरिषदले न्यायाधीश नियुक्ति सम्बन्धमा बनाएको मापदण्ड २०६९ न्यायाधीशहरूको चर्को दवावमा हत्या गरिएको थियो । Midnight Judge नियुक्ति गर्नमा यो मापदण्डको खारेजीबाटै बाटो खुल्ला भएको थियो । केही समय अघि संविधान विपरित ल्याइएको न्यायपरिषद नियमावलीले पहिले नियुक्ति भएका न्यायाधीशको मानमर्दन गर्ने गरी ल्याइयो ।

न्यायाधीशको नियुक्ति कार्यकारी कलेजियम वा स्वतन्त्र निकाय वा निर्वाचनबाट गरिने प्रचलन आज पनि रहेको छ । जुन मोडेलबाट न्यायाधीशको नियुक्ति भएको भए पनि नियुक्ति गर्दा Fit and Proper testजस्ता प्रकृया अवलम्बन गर्ने गरी मापदण्ड बनाई नियुक्ति भएमा विवाद कम हुँदै जाने देखिन्छ ।

**नेपाल बार र संविधान संशोधनको एजेण्डा** : नेपाल बारले पनि नियुक्तिको प्रकृया र नियुक्ति मूल्याङ्कन गर्ने मापदण्ड बनाउनेतर्फ आफूलाई केन्द्रिकृत गर्नु जरुरी छ। नेपाल बारले नियुक्तिको प्राज्ञिक दर्शनमा योगदान गर्नुपर्दछ। कोटातर्फ भन्दा पनि Common law system मा न्यायाधीश नियुक्ति हुने व्यवस्थाको पक्षमा आफूलाई उभ्याउन सक्नुपर्दछ। बारको नेतृत्व गरिसकेकाहरू नै स्वतन्त्र न्यायपालिकाका लागि वकिलभन्दा कर्मचारी राम्रा हुन्छन् न्यायाधीशका लागि भनेर वकालत गरेको देखिन्छ। यस्ता भनाइ सिद्धान्तसँगमेल खाँदैनन्। अतः न्यायाधीश नियुक्तिमा स्वतन्त्र र प्राज्ञिक व्यक्तिहरूको उपस्थितीलाई बढाउनुपर्दछ। राजनैतिक चेतना अयोग्यताको विषय हुँदैन तर सक्रिय राजनीति न्यायपालिकाका लागि स्वीकार्य पनि हुनु हुँदैन भन्ने मान्यताबाट बारले हेर्न सक्यो भने हामी न्यायाधीश नियुक्तिलाई पारदर्शी रूपमा व्यवस्थित गर्नसक्छौँ। नेपाल बारले यी र यस्ता विषयको वाच डगको रूपमा हेरेको हुनुपर्छ र आवश्यत्तकताअनुसार आफ्ना विचार प्राज्ञिक फोरमहरूमा राख्दै जानुपर्छ।

नेपाल बारले आफ्नो गत सम्मेलनमा संविधानमा भएको न्यायपालिकाको व्यवस्थामा न्यायपालिकाको पुन संरचना गर्नुपर्छ भनि प्रस्ताव पारित गरेको छ। जसको आज राष्ट्रिय बहसको विषय बनेको छ। न्यायपालिकाको मात्रै हैन संविधानको प्रावधानमा अधिकांश विषयमा पुनसंरचना आवश्यकता देखिएको छ। नेपाल बारले उठाएको संविधानको पुन संरचनाको विषयमा नेपाली काङ्ग्रेसले पनि अनुसन्धात्मक अध्ययन र विश्लेषण गर्दै त्यसको निचोडलाई संविधानको प्रावधान बनाउनेतर्फ अगाडि बढ्न ढिलो गर्न हुँदैन। सबै संवधिान निर्माणको नेतृत्व नेपाली काङ्ग्रेसले गरेको हुँदा नेपालको संविधानको पुनर्लेखनद्वारा परिमार्जन गर्ने नेतृत्व पनि नेपाली काङ्ग्रेसले लिँदै संविधान र संविधानवादको संरक्षक बन्न सक्नुपर्दछ। नेपाली काङ्ग्रेसले यो अवसरलाई गुमाउनु हुँदैन। नेपाली काङ्ग्रेसलाई संविधानको पुनः संरचना गर्ने हक पनि राख्दछ। नेपाली काङ्ग्रेसले नेपाल बारसँग संविधान संशोधनको विषयमा प्राज्ञिक परामर्श लिदै अगाडि बढ्दा नेपाली काङ्ग्रेसको धारणा परिष्कृत पनि हुने देखिन्छ।

## निष्कर्ष

अन्तमा लोकतान्त्रिक गणतन्त्र र सार्वभौम नेपाली जनताले निर्वाचन गरेको प्रतिनिधि सभामा एउटा विडम्वनापूर्ण प्रस्ताव भिरमा फलेको फर्सीझै अड्केर बसेको छ। संविधान सभाले बनाएको २०७२ को संविधानपछिको झण्डै ५ वर्ष भित्रै नै ठूला पदमा बसेका केही व्यक्ति विरुद्ध महाअभियोग प्रस्ताव दर्ता भयो। धेरै महाअभियोग प्रस्तावले खासै अर्थ राखेन। एउटा महाअभियोग प्रस्ताव आज पनि न पास न फेलको अवस्थामा छ। अर्थात् त्यो महाअभियोग प्रस्तावको संवैधानिक मृत्यु भएको घोषणा गरिएको छैन। महाअभियोग प्रस्ताव जन्माउन नेपालको संविधानमा सजिलो छ तर महाअभियोग प्रस्तावको मृत्यु असम्भव जस्तो गरी राखिएको छ। यो महाअभियोगको प्रस्तावले अश्वस्थामाको रूप धारण गरेर कतिन्जेल संसदमा जीवित रहने हो। त्यो समयले बताउँला। यसलाई प्रस्ट पार्ने काम नेपाली काङ्ग्रेसको हो। यसरी महाअभियोग प्रस्तावको कुनै निर्णय नगरी राख्दा Rule of Law का लागि इज्जत र गर्वको विषय हुँदैन।

लोकतन्त्रको पहरेदार संस्था नेपाली काङ्ग्रेसले संविधानको निर्माणमा भएको कमी कमजोरी न्यायपालिकाको संरचना र कानुनी शासन न्यायाधीश नियुक्ति र लोकतान्त्रिक व्यवस्थाजस्ता विषयमा प्रस्ट नीतिनिर्माण गर्नु आवश्यक छ। न्यायपालिका लोकतन्त्रको अपरिहार्य संस्था भएको हुँदा लोकतन्त्रमा न्यायपालिकाले ढुक्कसँग काम गर्नसक्छ। न्यायाधीश नियुक्तिले न्यायपालिकामा लामो समयसम्म प्रभावमात्रै पार्दैन। त्यस्ता न्यायाधीशले पछिल्लो अवधिका लागि न्यायाधीश नियुक्ति गर्ने अवसर पनि प्राप्त गर्ने हुँदा न्यायाधीश नियुक्ति विशेष चासोको

विषय मात्रै हैन लोकतन्त्र अनुकूल न्यायाधीशको नियुक्ति भएको छ छैन भन्नेतर्फ पनि सचेत हुन आवश्यक छ। संविधानको कार्यान्वयन पनि निश्चित प्रकृया र पद्धतिबाट हुने प्रत्याभूति दिन सक्नुपर्छ। संविधानलाई हतियार बनाउने प्रकृतिको विपक्षमा नेपाली काङ्ग्रेस उभिनुपर्दछ। सधै सबै दाहिना हुँदैनन्। चेतना भया।

## संदर्भ–सामग्री


1 मनुस्मृति अध्याय ८ श्लोक १५
2 चीनको संविधान (२०१८ को संशोधनसहित) Article १३१, १३२, १३३ https://english.www.gov.cn (archive) lawsregulations
3 ने.क.पा. एमालेको विधान, २०४९ (संशोधनसहित) प्रस्तावना
4 नेपाल कम्युनिष्ट पार्टी (माओवादी) अन्तरिम विधान, २०७३ (संशोधनसहित)प्रस्तावना
5 नेपाली काङ्ग्रेस पार्टीको विधान, २००६(संशोधनसहित)
6 न्यायपालिकाम हुन सक्ने विकृति विसङ्गती अनियमितता वा भ्रष्टाचार एवम् बिचौलियाबाट हुनसक्ते क्रियाकलापहरू र त्यसको रोकथामका लागि चाल्नुपर्ने उपायहरूको सम्बन्धमापेश गरेको प्रतिवेदन
7 १६औं अखिल नेपाल कानुन व्यवसायी राष्ट्रिय सम्मेलन, २०८१ काठमाडौं घोषणापत्र
8 न्यायाधीशहरूको तेस्रो राष्ट्रिय सम्मेलन, २०७५बाट पारित घोषणापत्ररयस अघिका घोषणापत्र समेत
9 UN Basic Principles on the Independence of the Judiciary (1985):
10 Beijing Statement of Principles on the Independence of the Judiciary in the LAWASIA Region, 1985
11 Latimer House Guidelines for the Commonwealth, 1998
12 नेपाली काङ्ग्रेस पार्टीको विधान, २००६मा उल्लेखित राजनैतिकव्यवस्था सम्बन्धिव्यवस्था (संशोधनसहित)
13 ने.क.पा. एमालेको विधान, २०४९ (संशोधनसहित)
14 नेपाल कम्युनिष्ट पार्टी (माओवादी) अन्तरिम विधान, २०७३ (संशोधनसहित)
15 नेपालको संविधान, धारा १३६
16 संविधान सुझाव आयोगको राजपत्रको सूचना मिति २०४७।२।१६
17 नेपालको अन्तरिम संविधान, २०६३, धारा ११२ मा प्रधानन्यायाधीशसको जिम्मेवारी सम्बन्धिव्यवस्था
18 नेपालको संविधान, धारा १३७
19 न्यायपरिषदको पहिलो निर्णय२०७२।८।२२
20 ने.का.प.२०७५, नि.न. ९९८५, फैसला मिति २०७३।१२।१० मा भएपछि न्यायपरिषदको दोस्रो निर्णय भएको
21 नेपालको संविधान, धारा १३७
22 नेपालको संविधान, धारा १३९ मा गरिएको व्यवस्था
23 नेपालको संविधान, धारा १५३
24 Indian JudiciaryCollegium System
25 The National Judicial Appointments Commission Bill, 2014, का सम्बन्धमा भारतको राज्य सभामा पेश पछि प्रकाशित नोट https://prsindia.org/files/bills_acts/bills_parliament/2014/National_Judicial_Appointment_comm_bill,_2014_0.pdf
26 नेपालको संविधान २०१९, धारा ६९